प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान

## बडडाँडा-देविस्थान-भिंगृ मार्ग लक्षित बाख्रा उत्पादन कार्यक्रम र बाग्दुला-मच्छी-सौतामारे मार्ग लक्षित तरकारी उत्पादन कार्यक्रमको लागि प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७७/ ०७/ ०५**

चालू आ.व. २०७७/०७८ मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार **बडडाँडा-देविस्थान-भिंगृ मार्ग लक्षित बाख्रा उत्पादन कार्यक्रम र बाग्दुला-मच्छी-सौतामारे मार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम** गर्नुपर्ने भएकोले इच्छुक कृषक र फार्म र कम्पनी र समूह र सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपशिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र. सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १ | बडडाँडा-देविस्थान-भिंगृ मार्ग लक्षित बाख्रा उत्पादन कार्यक्रम | बाख्रा पालन, खोर निर्माण लगायत अन्य कार्यक्रमहरु आदीमा अनुदान सहयोग | कलष्टरमा कम्तिमा १ (एक) हजार वा सो भन्दा बढि बाख्रा भएको हुनुपर्नेछ । व्यवसायिक बाख्रा पाल्ने १०० घरधुरी मध्येबाट २० घरधुरीको १ समूह गठन गरिने छ । | बडडाँडा देखि भिंगृ सम्म भएको सडक आसपासको पाँच किलोमिटर भित्रका क्षेत्रहरु। | कृषक समूह/फार्म/कृषि उद्यमी/कम्पनी/सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार संचालक संस्था। | भौतिक सुधार खर्चमा प्रति अनुदान ग्राहि ५० प्रतिशत वा ५० हजार, (मेशिनरी सामाग्री खरिदमा २० प्रतिशत, पोषण सुधारमा २० प्रतिशत, स्वास्थ्य सुधारमा ३ प्रतिशत, सहजकर्ता र क्षमता विकास कार्यक्रममा ७ प्रतिशत) |
| २ | बाग्दुला-मच्छी-सौतामारे मार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | तरकारी उत्पादन देखि बजारीकरण सम्मका कार्यहरु | ३ हेक्टरको कलष्टरमा कार्यक्रम प्रस्ताव हुनुपर्ने, कम्तिमा २ रोपनी क्षेत्रफलमा व्यवसायिक खेतीगर्ने कृषकहरु कलष्टरमा जोडिन सक्नेछन । बढीमा १५ वटा सम्म कलष्टर हुनुपर्ने । | बाग्दुला देखि मच्छी-सौतामारे सम्म भएको सडक आसपासको पाँच किलोमिटर भित्रका क्षेत्रहरु | कृषक समूह/फार्म/कृषि उद्यमी/कम्पनी/सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार संचालक संस्था। | प्रति हेक्टर कूल लागतको चालु खर्चमा ५० प्रतिशत वा सार्वजनिक पूर्वाधारको हकमा कूल लागतको ८५ प्रतिशत वा एक लाख जुन कम हुन आउँछ । |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन
२. नेपाली नागरिकताको प्रतिलिपि
३. अनुसूची-४ बमोजिमको कार्ययोजना प्रस्ताव, डिजाईन तथा लागत अनुमान सहित विस्तृत प्रस्ताव
४. समूह र सहकारी र निजी कृषि फर्म र कम्पनीहरुको दर्ता प्रमाण पत्रको प्रतिलिपि
५. जग्गाको स्वामित्व देखिने कागजात वा जग्गा करारको हकमा कम्तिमा ५ वर्षको करार सम्झौता पत्र
६. स्थायी लेखा नम्बर (प्यान) मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाण पत्रको प्रतिलिपि
७. प्रस्तावकको प्रतिबद्धता पत्र (साझेदारी रकम, दोहोरो अनुदान उपलब्ध नभएको)
८. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
९. सम्बन्धित स्थानीय तह कृषि सेवा शाखाको प्राविधिक प्रतिवेदन सहितको सिफारिस पत्र
१०. शैक्षिक योग्यता तालिम अनुभवनको प्रमाण पत्र तथा वैदेशिक रोजगारबाट फिर्ता भएको प्रमाणको प्रतिलिपि ।
११. गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
१२. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

डा. उत्तम आचार्य
पशु चिकित्सक
निमित्त कार्यालय प्रमुख

**पुनश्च:** कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोही बमोजिम संचालन हुनेछ । यस सम्बन्धि कार्यविधि तथा अनुसूचीको लागि भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवलको वेबसाइट molmac.p5.gov.np र यस कार्यालयको वेबसाइट http://ialdopyuthan.lumbini.gov.np बाट download गर्न सकिनेछ । थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा सम्पर्क गर्न अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु उपर कुनै कार्यबाही अगाडि बढाईने छैन।

फोन न: ०८६-४२०१८७, ४२००१४, Email: ialdopyuthan@gmail.com, Website: http://ialdopyuthan.lumbini.gov.np